# सर्वोच्च अदालत ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रमाणीकरण मिति : २०७३।५।२७

प्रस्तावना : सर्वोच्च अदालत ऐन, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सर्वोच्च अदालत (पहिलो संशोधन) ऐन, २०७३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सर्वोच्च अदालत ऐन, २०४८ को दफा ४ मा संशोधन : सर्वोच्च अदालत ऐन, २०४८ (यस पछि "मूल ऐन" भनिएको) को दफा ४ को,-

(१) उपदफा (१) मा रहेका "संयुक्त, पूर्ण वा विशेष इजलासबाट" भन्ने शब्दहरुको सट्टा "संयुक्त इजलास, पूर्ण इजलास, बृहत पूर्ण इजलास र संवैधानिक इजलासबाट" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "रजिष्ट्रारबाट" भन्ने शब्दको सट्टा "मुख्य रजिष्ट्रारबाट" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल ऐनमा दफा ४क. र ४ख. थप : मूल ऐनको दफा ४ पछि देहायका दफा ४क. र ४ख. थपिएका छन् :-

"४क. आदेश जारी गर्ने : सर्वोच्च अदालतले संविधानको धारा १३३ को उपधारा (१) बमोजिम कुनै कानूनलाई प्रारम्भ देखिनै वा निर्णय भएको मिति देखि अमान्य वा बदर घोषित गर्दा उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

४ख. समिति वा कार्यदल गठन गर्न सक्ने : सर्वोच्च अदालतका न्यायाधीशहरुको पूर्ण बैठक वा प्रधान न्यायाधीशले दफा ४ मा उल्लिखित काम बाहेक अन्य कामको लागि आवश्यकता अनुसार समिति वा कार्यदल गठन गरी त्यस्तो समिति वा कार्यदलको काम, कर्तव्य तथा कार्याविधि तोक्न सक्नेछ ।"

४. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ मा रहेका "शुरु कारबाही गरेको मुद्दामा" भन्ने शब्दहरुको सट्टा "शुरु कारबाही गरेको मुद्दा र मुलुकी ऐन अदालती बन्दोवस्तको महलको १९४ नं. बमोजिम सुविधा पाएको मुद्दामा" भन्ने शब्दहरु राखिएका छन् ।

५. मूल ऐनमा दफा ५क. थप : मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएको छ :–

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

"५क. सर्वोच्च अदालत अभिलेख अदालतको रुपमा रहने : सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ । सर्वोच्च अदालतले गरेको फैसला, अन्तिम आदेश तथा तोकिएका न्यायिक कारबाही सम्बन्धी लिखत तोकिए बमोजिम सधैंका लागि सुरक्षित राखिनेछ ।"

६. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) सर्वोच्च अदालतले आफ्नो वा मातहतका अदालतबाट भएको आदेश वा फैसलाको कसैले अवज्ञा गरेमा वा न्याय सम्पादनको कार्यमा अवरोध गरेमा एक वर्षसम्म कैद वा दशहजार रूपैंयाँसम्म जरिवाना वा दुवै सजाय वा अन्य उपयुक्त आदेश गर्न सक्नेछ ।"

७. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :–

"९. मुख्य रजिष्ट्रार : (१) सर्वोच्च अदालतमा एक जना मुख्य रजिष्ट्रार रहनेछ ।

(२) मुख्य रजिष्ट्रारले प्रधान न्यायाधीशको सामान्य निर्देशन र नियन्त्रणमा रही सर्वोच्च अदालतको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

(३) मुख्य रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) मुख्य रजिष्ट्रारले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार रजिष्ट्रार वा मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।"

८. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को उपदफा (२) मा रहेको "खासगरी" भन्ने शब्द झिकी सोही उपदफाको खण्ड (क) र (च) को सट्टा देहायका खण्ड (क) र (च) राखिएका छन् :-

"(क) सर्वोच्च अदालतको अधिकारक्षेत्रको प्रयोग एक जना न्यायाधीशको इजलास वा एकभन्दा बढी न्यायाधीशको संयुक्त इजलास, पूर्ण इजलास, बृहत पूर्ण इजलास वा संवैधानिक इजलासबाट गर्ने विषय ।

(च) अदालतको प्रशासनिक काम कारबाही एवं न्यायिक कार्यविधि सम्बन्धी अन्य विषय ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय